**"सर्वत्र वैभव, सभ्यता र स्वाभिमान; जनजनको पौरख, शैलुङको निर्माण"**

# शैलुङ गाउँपालिका दोलखा
## प्रदेश नं.३ को
## पाँचौ गाउँसभामा
## प्रस्तुत  नीति, कार्यक्रम तथा बजेट
## वक्तव्य
## २०७६

**मितिः  १० असार, २०७६**

**शैलुङ गाउँपालिकाको पाँचौ गाउँसभाका अध्यक्ष ज्यू,**
**प्रमुख अतिथि ज्यु,**
**अतिथि ज्युहरू, सभाका सदस्य ज्यूहरू,**
**पत्रकार, सञ्चार कर्मी तथा सम्पूर्ण महानुभावहरू ! ! !**

**१)** संघिय लोकतान्त्रिक गणतन्त्रको कार्यान्वयन संगै स्थानीय सरकारको निर्वाचन सम्पन्न भएको दोस्रो वर्ष पूरा भएको छ । शैलुङ गाउँपालिकाको यस गरिमामय पाँचौ गाउँसभा, तेस्रो नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा खुशी लागेको छ । सर्वप्रथम देशलाई यो अवस्था सम्म ल्याई पुऱ्याउन महत्वपूर्ण योगदान गर्ने ज्ञात अज्ञात शहिदहरू प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । शैलुङ गाउँपालिका दोलखाको विकास र उन्नतीको कामना गर्ने सबै अग्रजहरूलाई स्मरण गर्न चाहन्छु ।

**२)** अनेकौ कठिनाईहरूलाई सामना गर्दै शैलुङ गाउँपालिका दोलखाले थुप्रै सफलताहरू प्राप्त गरेको छ ।  सारा सफलताहरूको खुशी साट्दै सहयोग गर्नुहुने सबै प्रति हार्दिक आभार सहित धन्यबाद ज्ञापन गर्दछु ।

**३)** **"सर्वत्र वैभव, सभ्यता र स्वाभिमान; जनजनको पौरख शैलुङको निर्माण"** भन्ने मूल नारालाई शीरमा राखेर क्रियाशील जनप्रतिनिधिहरू, कर्मचारी साथीहरू, राजनीतिक दलहरू, नागरिक समाज लगायत सम्पूर्ण शैलुङ बासी आमा-बुवा, दाजु-भाई, दिदी बहिनीहरूलाई विगत प्रति गर्व गर्दै वर्तमानमा अर्थपूर्ण कर्ममा जुट्दै समृद्ध भविष्य निर्माणका लागि अपिल गर्दछौं । "**सुखी नेपाली ,समृद्ध नेपाल"** निर्माण गर्ने राष्ट्रिय उद्देश्यमा शैलुङ गाउँपालिका दोलखाको तर्फबाट योगदान पुऱ्याउन सबैलाई आह्वान गर्दछौं ।

**४)** आ. व. २०७६/०७७ को नीति तथा कार्यक्रम प्रस्तुत गरी रहँदा हामीले २० वर्ष पछिको शैलुङको परिकल्पना गरी गरिबी न्यूनीकरण, उच्च आर्थिक बृद्धिदर हासिल गर्ने, सन्तुलित विकास निर्माणमा जोड दिने, शिक्षा, स्वास्थ्य, खानेपानी, सिंचाई, कृषि, पशुपालन, पर्यटन क्षेत्रको विकास गरी रोजगारी श्रृजना गर्ने उद्देश्य राखेका छौं ।

५) नेपालको संविधानले स्थानीय सरकारलाई दिएका अधिकारहरूलाई व्यवस्थित प्रयोग गरी दिगो विकासका लक्ष्यहरू पूरा गर्दै जनताका आकांक्षाहरूलाई सम्बोधन गर्ने प्रयत्न गरिनेछ । गुणस्तरीय भौतिक पूर्वाधारको निर्माण र सचेत वस्तीहरूको विकासद्वारा नै नयाँ शैलुङ बनाउने लक्ष्य लिईनेछ ।

६) यो वर्ष भित्र संविधानमा उल्लेखित स्थानीय सरकारले प्रयोग गर्न पाउने अधिकारहरू संग सम्बन्धित कानूनहरू निर्माण गरी सदुपयोग गरिनेछ ।

७) प्रत्येक वडामा **कम्तिमा १ वटा कृषि उपज संकलन केन्द्र** तथा **शीत भण्डारण निर्माण** गर्न पहल गरिनेछ । कृषकहरूको क्षमता अभिबृद्धि गरी उत्पादक्त्व बढाउन प्रोत्साहन एवं साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ ।

८) प्रत्येक वडामा **एक / एक जना** कृषि र पशु स्वास्थ्य प्राविधिकहरूको व्यवस्था गरी बाली रोग निदानका साथै आधुनिक कृषि पाठशाला संचानल गरिनेछ ।

९) गाउँपालिका क्षेत्रमा रहेको खाली तथा सामुदायिक वनमा जडिबुटी खेतीलाई प्रोत्साहन गरिनेछ ।

१०) खेतीयोग्य जमिनमा सिंचाई सुविधा पुर्‍याउन साना सिंचाई, प्लास्टिक पोखरी, रिचार्ज पोखरी निर्माणमा जोड दिइनेछ ।

११) समग्र कृषि क्षेत्रलाई वैज्ञानिक उत्पादन प्रणाली अनुसार विकास गर्न आवश्यक कार्यक्रमहरू संचानल गर्ने नीति लिइनेछ ।

१२) ठूला सिंचाई तथा ठूला कृषि अभियान संचालनका लागि प्रदेश तथा संघीय सरकार संग सहकार्य गरिनेछ ।

१३) शैलुङ गाउँपालिका स्तरीय १५ शैयाको अस्पताल संचालनका लागि प्रयास गरिनेछ । स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य केन्द्रहरूलाई थप व्यवस्थित गरिनेछ ।

१४) शैलुङ गाउँपालिकाका "**घरघरको चुलोलाई धुँवा मुक्त, सम्पूर्ण बालबालिकाहरूलाई खोपयुक्त र सबै टोल बस्तीलाई खुला दिसामुक्त**" क्षेत्र बनाई "**सरसफाई र स्वस्थ गाउँ, हरियाली बस्ती र सभ्य ठाउँ** " बनाईनेछ ।

१५) सबै स्वास्थ्य संघ-संस्थाहरूको नियमित अनुगमन र नियमन गरी बाह्रै महिना आधारभूत स्वास्थ्य सेवा सहित औषधी उपचारको प्रत्याभूती गरिनेछ ।

१६) गत आ. व. देखि शुरू गरिएको महिला स्वास्थ्य स्वयमसेविका प्रोत्साहन तथा गर्भवती महिला स्वास्थ्य जाँच र प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१७) "**एक घर एक धारा, सुरक्षित खानेपानी हाम्रो नारा**" भन्ने अभियान सबै सरोकारवालाहरू संगको समन्वयमा लागू गरिनेछ ।

१८) शैलुङ गाउँपालिकाका सबै विद्यालयहरूमा गुणस्तरीय शिक्षा प्रवर्द्धनका विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ । यो आ. व. भित्र सबै विद्यालयहरूको पुनःनिर्माणको काम सम्पन्न गरी सुरक्षित, सुविधा सम्पन्न विद्यालयको रूपमा विकास गरिनेछ ।

१९) विद्यालयमा खानेपानी, शौचालय, खेलमैदान, घेराबार, दिवाखाजा, खेलकुदका कार्यक्रमहरू लागू गरिनेछ ।

२०) विद्यालयहरूको नियमित अनुगमन र नियमनलाई जारी राख्दै "**सूचना प्रविधियुक्त बिद्यालय ; सिर्जनशील र प्रतिभाशाली विद्यार्थी** " भन्ने मान्यतालाई स्थापित गरिनेछ । बालविकास केन्द्रलाई बालिकाको आराम स्थल र मनोरञ्जन केन्द्रको रूपमा विकास गरिनेछ ।

२१) विद्यालय शिक्षकहरूलाई तामिलको व्यवस्थापन गरी क्षमताबृद्धि गरिनेछ । शिक्षक, विद्यार्थी, विद्यालय प्रशासन र अभिभावकहरूको समन्वयमा नमुना विद्यालयको रूपमा विकास गर्न प्रोत्साहन गरिनेछ । अभिभावकहरूको प्रत्यक्ष नियमन र व्यवस्थापनमा विद्यालय सुधारको नीति अवलम्बन गरिनेछ ।

२२) विद्यालयमा विद्यार्थीको सिकाई उपलब्धी बृद्धी गर्न प्रोत्साहन गरिनेछ । शैलुङ गाउँपालिकाका कम्तिमा **२ वटा** मा. वि. लाई प्राविधिक विद्यालयको रूपमा विकास गरिनेछ ।

२३) **मुडे-बाघखोर-ढुङ्गे सडकलाई** पिच गर्दै कालापानी सम्म स्तरीय सडक पुऱ्याउने, मुडे-भैसे सडकलाई मेलुङ सम्म जोड्न पहल गरिनेछ । गाउँपालिकाको केन्द्र देखि वडा केन्द्र सम्म जोड्ने सबै सडकहरूलाई सर्वयाम यातायातका साधनहरू चल्ने बनाउन विशेष ध्यान दिइनेछ ।

२४) अन्य स्थानीय तहहरू जोड्ने सडक, शैलुङ चक्रपथ, दुई वडाहरू तथा वस्तीहरू जोड्ने सडक र उत्पादन संग जोडिएका कृषि सडकहरू निर्माणमा ध्यान दिईनेछ ।

२५) गाउँपालिका भित्र यातायात सञ्चालन योजना निर्माण गरी सडक मर्मत तथा सुधार कोष स्थापना गरिनेछ । सबै सडकहरूलाई ७ मिटर चौडाई बनाई ढल निर्माणलाई प्रोत्साहन गरिनेछ । सबै सरकारी कार्यालयहरू सम्म सडक पहुँच विस्तार गरिनेछ ।

२६) हरित सडक निर्माणमा जोड दिंदै अम्रिसो, बाँस, निगालो, धुपी, गुराँस लगायत जातका बिरूवाहरू सडकको दायाँबाया लगाउन वृक्षारोपण अभियान सञ्चालन गरिनेछ ।

२७) विकास निर्माणमा स्थानीय जनताको अपनत्व कायम गर्न प्रत्येक वस्तीमा **"टोल विकास संस्था"** गठन गरी पूर्वाधार संरक्षण (चाडपर्वको समयमा सडक मर्मत समेत ) योजना लागु गरिनेछ । **टोल विकास संस्था** सक्रिय बनाई थप काम गर्न प्रोत्साहन गरिनेछ ।

२८) भूकम्प पछिको पुनःनिर्माणलाई महत्वपूर्ण कामको केन्द्रविन्दु बनाईनेछ । गाउँपालिका भित्र रहेका प्राकृतिक सम्पदाहरू, धार्मिक सांस्कृतिक स्थलहरू, जल, जमिन, वन, जंगल, ढुंगा , रोडा ,बालुवा, गिटी, खानी तथा खनिज पदार्थको संरक्षण, दिगो उपयोग र प्रयोग गर्दा बिना शर्त अनुमति लिई दर्ता गर्नुपर्ने नीति लिईने छ ।

२९) शैलुङ गाउँपालिका भित्र प्लास्टिक प्रयोगमा न्यूनीकरण गर्दै हरित र प्रकृतिमैत्री गाउँपालिकाको रूपमा विकास गरिनेछ । सबै पानीका मुहानहरू गाउँपालिकाको स्वामित्वमा ल्याई पानी प्रयोगको नीति कार्यान्वयन गरिनेछ ।

३०) वन संरक्षण, वृक्षारोपण, भू-क्षय नियन्त्रण, उद्यान निर्माण, मुहान संरक्षण, रिचार्ज पोखरी निर्माण, जडिबुटी प्रबर्द्धन जस्ता कामहरू गरी बन, वातावरण तथा भु-संरक्षण सम्बन्धी जागरण पैदा गरिनेछ ।

३१) **बगैचा र फूलबारी सहितको घर, सरसफाई युक्त सुन्दर वस्ती** भन्ने मान्यतालाई स्थापित गरी वैकल्पिक उर्जाको प्रयोगमा प्रेरित गरिनेछ ।

३२) प्रत्येक व्यक्तिलाई उत्पादन संग जोड्न कृषि, पशुपालन, बन, जडिबुटी , खनिज पदार्थ, पर्यटन, प्राकृतिक स्रोतमा आधारित भएर सीपमूलक लघु उद्यम कार्यक्रम सञ्चालन गरिनेछ ।

३३) गाउँपालिका स्तरमा औद्योगिक ग्राम स्थापनाका लागि पहल गरिनेछ। प्रत्येक वडा केन्द्र पर्यटकीय केन्द्र, कालापानी र गाउँपालिका केन्द्रलाई उत्पादन तथा सेवा प्रवाहको स्थानको रूपमा विकास गरिनेछ।

३४) हाट बजार सञ्चालन, कोल्ड स्टोर निर्माण, कृषि बजार निर्माण, प्रदर्शनी, मेला जस्ता आर्थिक गतिविधि बढाउँदै जनताको समृद्धि बढाउने कार्यक्रमरू सञ्चालन गरिनेछ।

३५) विभिन्न धर्म, संस्कृति, भाषा, चालचलन, भेषभुषा, सम्पदा स्थलहरू जगेर्ना गरी पर्यटन संग जोडिनेछ। विभिन्न जातजातिका मौलिकताहरूको प्रबर्द्धन गरी मूल प्रवाहीकरणमा ल्याइनेछ। शैलुङ चर्णावती लगायत पवित्र स्थानहरूको संरक्षण गर्ने नीति लिइनेछ।

३६) कला, साहित्य, भाषा, संस्कृतिको संरक्षण गर्दै सबै प्रकारका विभेदहरूको अन्त्यका लागि जोड दिइनेछ। शैलुङ गाउँपालिकालाई विभेदमुक्त उच्च सभ्यता युक्त क्षेत्रको रूपमा विकास गरिनेछ।

३७) सबै प्रकारका सकारात्मक सम्भावनाको खोजी गरी जनताको सृजनात्मक क्षमता अभिबृद्धि गर्दै **"सवर्त्र वैभव, सभ्यता र स्वाभिमान ; जनजनको पौरख, शैलुङको निर्माण"** भन्ने सोचलाई कार्यान्वयन गर्दै जाने नीति लिइनेछ।

३८) शैलुङ गाउँपालिकाका सबै कार्यालयहरूमा नागरिक वडापत्र, सुझाव पेटीका राखिनेछ। गाउँपालिका तथा सबै कार्यालयहरूको आम्दानी खर्च समय समयमा सार्वजनिक गर्न लगाइनेछ। सबै कार्यालयहरूलाई आफ्नो वेवसाइट निर्माण गर्न लगाई सम्पूर्ण गतिविधिहरू सार्वजनिक गर्नु पर्ने नीति लिइनेछ।

३९) सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो, पारदर्शी र जवाफदेही बनाईनेछ। भ्रष्ट्राचार शुन्य सहनशीलताको नीति अनुसार अवलम्बन गरिनेछ। राम्रो काम गर्नेलाई प्रोत्साहन र खराब काम गर्नेलाई दण्डित गर्ने नीति लिइनेछ।

४०) गैर-सरकारी संघ-संस्थाहरू संग साझेदारी गरी परिणाममुखी काम गर्न प्रोत्साहन गरिनेछ। सबै NGO / INGO हरूले सम्पूर्ण आम्दनी खर्चको विवरण गाउँसभाबाट पारित गरी जनताका बिच सार्वजनिक गर्नुपर्ने नीति लिइनेछ।

४१) गाउँपालिकामा एकीकृत तथ्याङ्क व्यवस्थापन प्रणाली लागू गरिनेछ। सूचना प्रविधिमैत्री गाउँपालिकाको रूपमा परिचय दिई योजनाबद्ध विकासमा जोड दिईनेछ।

४२) शैलुङ गाउँपालिकाको संगठन व्यवस्थापनमा सुधार गरी उच्च जनशक्तिको विकासमा जोड दिदै **"स्थानीय कर्मचारी सेवा नियमावलीको"** तर्जुमा गरी लागु गरिनेछ ।

४३) गाउँपालिकाको राजस्व सुधार, कार्ययोजना निर्माण गरी प्रगतीशील कर प्रणाली लागू गरिनेछ । जनताबीच सेवा प्रवाह र कर राजस्वको महत्वको बारेमा जागरणका कार्यक्रमहरू लागु गरिनेछ ।

४४) समाजका सबै नागरिकहरूको मानव अधिकारको हनन हुन नदिन सामाजिक सुरक्षा प्रणालीलाई सुदृढ बनाईनेछ । वृद्धवृद्धा, एकल महिला, बालबालिका, दलित, लोपोन्मुख जातजाति, अपाङ्गता भएका नागरिकहरूलाई विभिन्न सहुलियत दिने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

४५) बालविवाह, बहुविवाह, जातीय छुवाछुत, अनमेल विवाह, सामाजिक कू-संस्कार र अन्धविश्वाको अन्त्य गर्न साँस्कृतिक सुधारका कार्यक्रमहरू सञ्चालन गरिनेछ । शैलुङ गाउँपालिकालाई छिटो भन्दा छिटो जातीय छुवाछुत मुक्त गाउँपालिका बनाइनेछ ।

४६) विभेदहरूको अन्त्य, सामाजिक जवाफदेहिता, सामाजिक जागरणको अभियान, विकास निर्माणमा जनताको अपनत्व कु-शासनको निर्मूल, पर्यटक मैत्री वातारण, प्रतिव्यक्ति आम्दनीमा सुधार, ढिला सुस्तीको अन्त्य, जनमैत्री सामाजिक सगठनहरू जस्ता विशेषताहरूबाट शैलुङ गाउँपालिका चिनिने अवस्थाको सिर्जना गरिनेछ ।

४७) प्राकृतिक प्रकोप, संवेदनशील क्षेत्रहरूको पहिचान गरी सचेत रहने, न्युनीकरण गर्ने, विपद्‌लाई व्यवस्थापन गर्न स्थानीय विपद् व्यवस्थापन समितिहरूलाई व्यवस्थित गर्ने नीति लिइनेछ ।

४८) बालमैत्री, पर्यटनमैत्री, लगानीमैत्री गाउँपालिकाको रूपमा विकास गरी विभिन्न उद्योगहरूको शेयर खरिद गरी सम्बन्धित लघु तथा ठूला उद्योगहरू स्थापना गर्न प्रोत्साहन गर्ने नीति लिइनेछ ।

४९) न्यायिक समितिको दायरा फराकिलो बनाउँदै न्याय सेवालाई छिटो छरितो बनाईनेछ । सामाजिक मेलमिलाप मार्फत सबैले न्याय पाएको र सुरक्षित रहेको अनुभूती प्रदान गरिनेछ । न्यायिक समितिमा वैकल्पिक सदस्यको व्यवस्था गरिनेछ ।

५०) सहकारी क्षेत्रको प्रबर्द्धन गरी स्थानीय उत्पादन बढाउन जोड दिइनेछ । उत्पादन सहकारी, यातायात सहकारी , पर्यटन सहकारीको निर्माणमा प्रोत्साहन गर्दै सहकारी मार्फत गरीबी निवरण, सामुहिक सहकारी बढाउन सहकारीहरूले निर्णायक भूमिका खेल्नुपर्ने वातावरण तयार गरिनेछ ।

५१) जैविक उर्जा, वैकल्पिक उर्जा, जलविद्युत लगायतका उर्जाहरूको विकास र आयात गरी "**उज्यालो शैलुङ**" अवधारणा लागू गरिनेछ । नेपाल विद्युत प्राधिकरण संगको सहकार्यमा सुराक्षित विद्युत विस्तार गर्ने योजना लागू गरिनेछ ।

५२) नेपाल टेलिकम लगायत सञ्चार सेवा प्रदायक संस्थाहरू संग सहकार्य गर्दै गाउँपालिका भरी टेलिफोन तथा इन्टरनेट सेवा विस्तार गर्ने नीति लिइनेछ ।

५३) शैलुङ गाउँपालिकाका महत्वपूर्ण पर्यटकीय स्थलहरूको विकास गरी त्यहाँ सम्म पुग्ने पैदल मार्ग निर्माण , होम स्टे, साहसिक खेलकुदको प्रचार-प्रसार गरी पर्यटनलाई समृद्धी संग जोड्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

५४) विभिन्न खेलकुदका कार्यक्रमहरूलाई प्रोत्साहन गरी पर्यटन क्षेत्रसंग जोडिनेछ । शैलुङ विशेष महोत्सव आयोजना गरी शैलुङ गाउँपालिकाको पहिचानलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्र सम्म फैलाउने नीति लिइनेछ ।

५५) शैलुङ गाउँपालिकाको वृहत हितलाई ध्यानमा राखी विभिन्न संघ-संस्थाहरू, गैर-सरकारी NGO/ INGO, दातृ निकायहरू, नीजी लगानी कर्ताहरूलाई आमन्त्रण गरी लगानी मैत्री शैलुङ गाउँपालिका बनाउने नीति लिइनेछ ।

५६) शिक्षा क्षेत्रको विकास सबै विकासका क्षेत्रको जननी भएकोले थप नयाँ कार्यक्रमहरू लागू गर्ने नीति लिइनेछ ।

५७) स्वास्थ्य क्षेत्रलाई थप व्यवस्थित गरी जनताको स्वास्थ्य अवस्थामा सुधार गर्न ध्यान केन्द्रीत गरिनेछ ।

५८) जनताको समृद्धी अभियान अन्तर्गत कृषि, पशुपालन, पर्यटन क्षेत्रमा सरकारी, सहकारी, नीजी क्षेत्रको समन्वय तथा सहकार्यमा गाउँपालिकाको तर्फबाट थप लगानी गरिनेछ ।

५९) समाजलाई महत्वपूर्ण योगदान गर्ने वीर शहिदहरूको सम्मानका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

६०) गम्भीर प्रकृतिका रोग लागेका शैलुङ गाउँपालिकाका नागरिकहरू, विपद्/जोखिममा परेका व्यक्तिहरू र प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थीहरू, असल छोरी बुहारीहरूलाई सम्मान तथा सहयोग गर्ने नीति लिइनेछ ।

६१) सहकारी क्षेत्रको दायरा विस्तार गरी शैलुङ गाउँपालिका स्तरीय सहकारीहरूलाई एकीकरण गरी सशक्त बनाउँदै सदस्यहरू विस्तारमा ध्यान दिन लगाई गाउँपालिका बाहिर ठेगाना भई दर्ता र यस गाउँपालिकालाई कार्यक्षेत्र बनाईएका सहकारीहरूलाई कार्य क्षेत्र विस्तार गर्न निरूत्साहित गर्ने नीति लिईनेछ ।

६२) गाउँपालिका भित्रमा सम्भावित बजारहरूलाई व्यवस्थित गर्दै नियमित अनुगमन गर्ने र मूल्य सूची राख्न लगाउने नीति लिईनेछ ।

६३) यो आर्थिक वर्ष भित्र गाउँपालिका भवन र कम्तिमा ४ वटा वडा कार्यालयहरू निमार्ण गरी आगामी वर्षमा निरन्तर बाँकी वडाकार्यालयहरू निर्माण गरी सक्ने नीति लिइनेछ ।

६४) गाउँपालिका भित्रका सबै भवनहरूको नक्सा पास गर्ने, घर नं. प्रदान गर्ने र एकीकृत सम्पत्तिकर लगाई बसोबासलाई व्यवस्थित गर्दै जाने नीति लिईनेछ ।

६५) गाउँपालिका भित्रका रहेका सम्पूर्ण सार्वजनिक एवं पर्ती जग्गाहरूको तथ्याङ्क यकिन गरी सार्वजनिक भवनहरू निर्माण गर्न र शुल्क लिई उत्पादन कार्यमा प्रयोग गर्न दिने नीति लिईनेछ ।

६६) द्वन्द्वका कारणले नापी नक्सा नस्ट भएका नीजी जमिन, सार्वजनिक जमिन, पर्ती ऐलानी जमिन, सामुदायिक वन क्षेत्र, वडा तथा गाउँपालिकाको सिमा क्षेत्र यकिन गराउन सम्बन्धित निकायमा पहल गर्ने/गराउने नीति लिइनेछ ।

६७) शैलुङ गाउँपालिकामा पर्यटकीय क्षेत्रहरूको विकास गर्दै जाने योजना अनुसार नेपाल **हान्गुक बुद्धिष्ट कलचक्र संस्था** शैलुङ गाउँपालिका-०५,दोलखालाई ध्यान केन्द्र, बौद्ध विहार र बुद्ध मूर्ती स्थापना गर्नका लागि शैलुङ गाउँपालिका वडा नं. ५ मा रहेको ठुटेमाने सामुदायिक वन उपभोक्त समितिले व्यवस्थापन गर्दै आइरहेको प्युँसेमा २० रोपनी जमिन भोगाधिकारका लागि दिने र नेपाल तेक्वान्दो संघले निर्माण गर्ने **उच्च उचाई प्रशिक्षण केन्द्र** स्थापनाका लागि शैलुङ गाउँपालिकाको वडा नं. ६, १ र ८ सिमानामा पर्ने कालापानीमा ५ रोपनी जमिन भोगाधिकारका लागि दिई नयाँ पर्यटकीय गन्तव्यको विकास गर्ने नीति लिइनेछ । साथै शैलुङ गा.पा. ३ विरौटेमा महादेवको मूर्ती स्थापना गरिनेछ ।

६८) आ.व. ०७६/०७७ को नीति कार्यक्रम तथा बजेट कार्यान्वयन गर्न आवश्यक नीति, नियम तथा कार्यविधीहरू तत्काल निर्माण गरी लागू गरिनेछ ।

६९) विगत २ वर्षमा गाउँसभाबाट पारित नीति, कार्यक्रमहरूलाई निरन्तरता दिंदै यो आ. व.को अभिन्न अंग मानी अघि बढ्ने नीति लिइनेछ ।

७०) शैलुङ गाउँपालिका भित्र यो आ. व. भित्रै २ वटा एम्बुलेन्स सञ्चालन गरी नागरिकले सहज उपचार पाउने अवस्था सिर्जना गरिनेछ ।

७१) बस्ती स्तरबाट छनौट भई आएका योजनाहरूलाई समेटेर योजना बैक निर्माण गरी सम्बन्धित निकायमा पेश गर्ने नीति लिईनेछ ।

७२) गाउँपालिकामा कार्यरत कर्मचारीहरूको सेवा सुविधाको सुनिश्चित गर्नका लागि **"कर्मचारी कल्याण कोष"** खडा गरिनेछ । साथै उक्त कोष व्यवस्थापन गर्न कार्यविधि समेत तयार गरिनेछ ।

अब, म यस गाउँपालिकाको आ. व .०७६/०७७ को गाउँपालिका तथा वडाहरूमा कार्यान्वयन हुने प्रस्तावित बजेट, कार्यक्रमहरू यस सम्मानित गाउँसभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## आ. व. ०७६/०७७ को गाउँपालिका स्तरीय अनुमानित बजेट सिलिङ

| क्र.सं. | योजनाको नाम | बजेट/रकम | कैफियत |
|---|---|---|---|
| १ | ढुङ्गे कालापानी सडक | १५,००,००० | |
| २ | कालापानी जग्गा विकास | १०,००,००० | |
| ३ | उत्पादन साझेदारी कार्यक्रम | ७५,००,००० | |
| ४ | पूर्वधार साझेदारी कार्यक्रम/समपूरक | ५०,००,००० | |
| ५ | शैलुङ महोत्सव/ कोल्डस्टोर निर्माण साझेदारी | १,००,००,००० | |
| ६ | विद्यालय अनुदान कार्यक्रम (कक्षा १-५ रू. १ लाख, कक्षा ६-८ रू.३ लाख, कक्षा ९-१२ रू. ५ लाख ) | ८३,००,००० | |
| ७ | विद्यालय कर्मचारी पोशाक अनुदान कार्यक्रम | १०,००,००० | |
| ८ | स्वास्थ्य क्षेत्र प्रबर्द्धन कार्यक्रम | २५,००,००० | |
| ९ | कृषि क्षेत्र प्रबर्द्धन कार्यक्रम | २५,००,००० | |
| १० | पशुपालन क्षेत्र प्रबर्द्धन कार्यक्रम | २५,००,००० | |
| ११ | खानेपानी क्षेत्र प्रबर्द्धन कार्यक्रम | १५,००,००० | |
| १२ | सिंचाई प्रबर्द्धन कार्यक्रम | १५,००,००० | |
| १३ | सरसफाई प्रबर्द्धन कार्यक्रम | ५,००,००० | |
| १४ | न्याय तथा मेलमिलाप | १०,००,००० | |

| | | | |
|---|---|---|---|
| १५ | लक्षित वर्ग (४०+५) महिला, दलित, जनजाती, अपाङ्ग, जेष्ठ नागरिक | ४५,००,००० | |
| १६ | युवा शसक्तीकरण कार्यक्रम | ५,००,००० | |
| १७ | खेलकुद क्षेत्र प्रबर्द्धन कार्यक्रम (वडा सहित) | १२,००,००० | |
| १८ | वृक्षारोपण तथा वन उद्यान | ५,००,००० | |
| १९ | वातावरण संरक्षण | ५,००,००० | |
| २० | फलफूल तथा जडिबुटी, विरूवा वितरण | ५,००,००० | |
| २१ | लघु उद्यम तथा उद्योग | ५,००,००० | |
| २२ | कर प्रबर्द्धन / जागरण | ५,००,००० | |
| २३ | शान्ति सुरक्षा प्रबर्द्धन | ५,००,००० | |
| २४ | आर्थिक सहयता | १०,००,००० | |
| २५ | विपद् व्यवस्थापन | ५,००,००० | |
| २६ | सूचना तथा प्रविधि सफ्टवयर विस्तार | २०,००,००० | |
| २७ | सहकारी क्षेत्र सशक्तीकरण | ५,००,००० | |
| २८ | पर्यटन क्षेत्र प्रचार प्रसार | ५,००,००० | |
| २९ | गाउँपालिका कम्पाउन्ड | ५०,००,००० | |
| ३० | गाउँपालिका भवन | ५०,००,००० | |
| ३१ | ग्रावेल खानीका लागि अँधेरी खोला किट्नी सा. वनको सामुदायिक भवन निर्माण अनुदान | ५,००,००० | |
| ३२ | जातीय छुवाछुत मुक्त अभियान सञ्चालन | ५,००,००० | |
| ३३ | सडक मर्मत सुधार | ५०,००,००० | |
| ३४ | गर्भवती महिला अण्डा वितरण कार्यक्रम | १०,००,००० | |
| ३५ | विमा गरेको सुत्केरी पशु अनुदान/बीमा अभियान | ५,००,००० | |
| ३६ | महिला स्वास्थ्य स्वंयमसेवीका दशै खर्च | ८,००,००० | |
| ३७ | व्रिकेट उद्योग सञ्चालन / धसिङगारे तेलप्रबर्द्धन अनुदान (२+१) वटा) | ९,००,००० | |
| ३८ | घ्याङडाँडा-नादानखर्क ढुङ्गे-शैलुङ कच्चि पैदल मार्ग निर्माण | १०,००,००० | |

| | | | |
|---|---|---|---|
| ३९ | १ नं. र ४ नं. वडा कार्यालय भवन (क्रमागत) | १,५०,००,००० | |
| ४० | महिला सुरक्षित घर निर्माण | १०,००,००० | |
| ४१ | क) शैलुङ छ्योर्तेन निर्माण | ५,००,००० | |
| | ख) मागापौवा गुम्बा निर्माण | १०,००,००० | |
| ४२ | क) जुगेश्वरी देवी मन्दिर निर्माण | १०,००,००० | |
| | ख) त्रिशुल डाँडा शैलुङ घण्टी व्यवस्थापन | ५,००,००० | |
| ४३ | पशुपंक्षी नमुना उत्पादन शैलुङ-७ | ५,००,००० | |
| ४४ | अन्य (पूर्वाधार लगायत) विविध | ५०,००,००० | |
| ४५ | कालापानीमा खानेपानी निर्माण | १०,००,००० | |
| ४६ | फस्कु-खकाले सडक | १०,००,००० | |
| ४७ | राधा कृष्ण मन्दिर/ पोखरी मर्मत शैलुङ-६ | ५,००,००० | |
| ४८ | रिचार्ज पोखरी निर्माण कालापानी करीडोर | १०,००,००० | |
| ४९ | गा.पा. केन्द्र -कालापानी प्रतिक्षालय निर्माण | १५,००,००० | |
| ५० | चर्णावती बृद्धा आश्रम | ५,००,००० | |
| ५१ | कालापानी सामुदायिक भवन | १०,००,००० | |
| ५२ | शहिद स्मृति प्रतिक्षालय | १०,००,००० | |
| ५३ | दुर्गा मा. वि प्राविधिक शिक्षालय अनुदान | ३०,००,००० | |
| ५४ | शारदा मा. वि. अनुदान | ५,००,००० | |
| ५५ | छ्योर्तेन निर्माण कालापानी | १०,००,००० | |
| ५६ | मनमोहन स्मृति प्रतिष्ठान भवन निर्माण भैसे | ५,००,००० | |
| ५७ | टापुटोल खानेपानी आयोजना शैलुङ-८ | ५,००,००० | |
| ५८ | मनगाउँ खेल मैदान ,शैलुङ-८ | ५,००,००० | |
| ५९ | भैसे-पैती-गोठपानी सडक स्तरोनती | ५,००,००० | |
| ६० | घट्टेखोला- काब्रे बेसी- सिंचाई आयोजना | १०,००,००० | |
| ६१ | बाघखोर-पोर्साव -२ नं. वडा कार्यालय सडक | १०,००,००० | |
| ६२ | गाउँपालिका भवन बाह्य व्यवस्थापन | ५,००,००० | |
| ६३ | कालपानी -भुमेस्थान -लाकुरी सडक, शैलुङ-८ | १०,००,००० | |

| | | | |
|---|---|---|---|
| ६४ | आहाल डाँडा कालापानी सडक, शैलुङ-६ | ५,००,००० | |
| ६५ | स्वास्थ्य चौकी- पँयुडाँडा -देविथान सडक, शैलुङ-५ | ५,००,००० | |
| ६६ | कालापानी शौचलय निर्माण | १०,००,००० | |
| ६७ | बाघखोर सार्वजनिक शौचलय व्यवस्थापन | १०,००,००० | |
| ६८ | गाउँपालिका ,वडा करार कर्मचारी तलब (कृषि, पशु स्वास्थ्य थप समेत) | १,४२,००,००० | |
| ६९ | स्वास्थ्य संस्थाको लागि औषधी खरिद | १५,००,००० | |
| ७० | शिक्षक महासंघ अनुदान (शैलुङ गा.पा) | ५,००,००० | |
| ७१ | सहकारी महासंघ अनुदान (शैलुङ गा.पा) | ५,००,००० | |
| ७२ | सामुदायिक वन उपभोक्ता अनुदान (शैलुङ गा.पा) | ५,००,००० | |
| ७३ | बा.वि.के स.का, कर्मचारी, सहयोगी थप तलब अनुदान | ३५,००,००० | |
| ७४ | सामुदायिक विद्यालय विद्यार्थी पोशाक अनुदान प्रति विद्यार्थी रू. ७००।- | २८,००,००० | |
| ७५ | थामी गुम्बा निर्माण, शैलुङ-७ | ५,००,००० | |
| ७६ | भैसे-फलाटे-भालुस्वारा सडक, शैलुङ-८ | ५,००,००० | |
| ७७ | गुम्बा टोल सडक निर्माण शैलुङ -१ | ५,००,००० | |
| **जम्मा (अक्षरूपी पन्ध्र करोड दुई लाख )** | | **१५,०२,००,०००** | |

## आर्थिक वर्ष २०७६/७७ का लागि प्रस्तावित वडा स्तरका आयोजना तथा कार्यक्रमहरू र बजेट :

| क्र.सं. | आयोजना तथा कार्यक्रमको नाम | प्रस्तावित रकम | कैफियत |
|---|---|---|---|
| | **वडा नं. १ तर्फ** | | |
| १ | वडाकेन्द्र - जुगे खण्ड सडक स्तोन्नति | ७,००,००० | |
| २ | ढुङ्गे - मेहेले - सासिम - ताम्चेत सडक निर्माण | १३,००,००० | |
| ३ | गैरी - काँडे सडक निर्माण | ५,००,००० | |
| ४ | सरसत्पा - ठेगालाघ्यु - ताम्चेत सडक स्तरोन्नति | १०,००,००० | |
| ५ | सरसत्पा - घलेगाउ सडक | ५,००,००० | |
| ६ | कल्लाबारी खिल्लाबोट खानेपानी योजना | ५,००,००० | |

| | | | |
|---|---|---|---|
| ७ | मगरटोल सल्लेरी खानेपानी आयोजना | ५,००,००० | |
| | **जम्मा (अक्षरूपी पचास लाख)** | **५०,००,०००** | |
| | **वडा नं. २ तर्फ** | | |
| १ | वडाकेन्द्र - जम्बुसिङ सडक स्तोन्नति | २५,००,००० | |
| २ | मालीघ्याङ - थानडाँडा - स्याङस्याङ सडक निर्माण | ५,००,००० | |
| ३ | जम्बुसिङ - दरूखोला - मानेडाँडा सडक निर्माण | ५,००,००० | |
| ४ | पसलखोला - कल्लेरी सडक निर्माण | ५,००,००० | |
| ५ | निगाले - बाघखोर - वडाकेन्द्र सडक निर्माण | १०,००,००० | |
| | **जम्मा (अक्षरूपी पचास लाख)** | **५०,००,०००** | |
| | **वडा नं. ३ तर्फ** | | |
| १ | पात्ले - वालसाप्रा - ढुङ्गे सडक सोलिङ | ७,००,००० | |
| २ | बोत्ले - लामाघ्याङ - भुरूङ्गा गोचेत सडक सोलिङ | ८,००,००० | |
| ३ | बाघखोर - फोक्टे सडक | १०,००,००० | |
| ४ | लाम्चेआहाल - चिसापानी - गोब्रेनागी - धाराखोला सडक | ५,००,००० | |
| ५ | बाघखोर - दुर्गा मावि सडक सोलिङ | ५,००,००० | |
| ६ | लप्सिङ डाँडा - बाघखोर - पशुसेवाकेन्द्र - लाम्चेआहाल सडक | ५,००,००० | |
| ७ | नागी सामुदायिक भवन निर्माण | ५,००,००० | |
| ८ | लामघ्याङ बोल्दुङ सडक | ५,००,००० | |
| | **जम्मा (अक्षरूपी पचास लाख)** | **५०,००,०००** | |

| | | | |
|---|---|---|---|
| | **वडा नं. ४ तर्फ** | | |
| १ | मागाफेदी सडक निर्माण | ८,००,००० | |
| २ | कुवा - वडाकेन्द्र - मागाविर्ता सडक | ५,००,००० | |
| ३ | हिले - पिपलडाँडा सडक | १०,००,००० | |
| ४ | जोगीडाँडा - शेरा सडक | ११,००,००० | |
| ५ | दुर्गा मा.वि. भुमेथान सडक | ६,००,००० | |
| ६ | अर्गौं श्रीवानी सडक | ५,००,००० | |
| ७ | दलित वस्ती-रातामाटे-बिम्चेत-लहरेमाने-मोहनटोल सडक | **५,००,०००** | |
| | **जम्मा (अक्षरूपी पचास लाख)** | **५०,००,०००** | |

| | | | |
|---|---|---|---|
| | **वडा नं. ५ तर्फ** | | |
| १ | पानीखोला - विरेन्द्र मावि सडक योजना | २५,००,००० | |
| २ | ढल पाईप व्यवस्थापन योजना | १०,००,००० | |
| ३ | जोरमाने - जीतपुर सडक योजना | ५,००,००० | |
| ४ | विरेन्द्र मावि फर्निचर व्यवस्थापन | ५,००,००० | |
| ५ | सिंचाई पाइप खरिद योजना | ५,००,००० | |
| | **जम्मा** | **५०,००,०००** | |
| | **वडा नं. ६ तर्फ** | | |
| १ | साविकको सबै वडा समेट्ने गरी ह्युमपाईप खरिद | १५,००,००० | |
| २ | ओखरबोट - वडा कार्यालय - मैदाने - हेल्थपोष्ट सडक | १०,००,००० | |
| ३ | हिले - चिलाउने भित्ता - हुलाके सडक | १०,००,००० | |
| ४ | अधिकारीखोला - लहरे - ढुङ्गे सडक | ५,००,००० | |
| ५ | चित्रे - भित्रे सडक | ५,००,००० | |
| ६ | चुल्ठे, वनभित्र, लकाईगाउँ खानेपानी योजना | ५,००,००० | |
| | **जम्मा (अक्षरूपी पचास लाख)** | **५०,००,०००** | |
| | **वडा नं. ७ तर्फ** | | |
| १ | टुडिखेल-हेल्थपोष्ट-गोठपानी सडक | २०,००,००० | |
| २ | हेल्थपोष्ट - वडा कार्यालय जेड्ने सडक | ५,००,००० | |
| ३ | शैलुङ - साँगुते चिनारी सडक | ५,००,००० | |
| ४ | समीरूख - बाहुनगाउँ - चउरटोल सडक | ७,००,००० | |
| ५ | वि.क. टोल खानेपानी योजना | ८,००,००० | |
| ६ | खानेपानीको लागि पोलिथिन पाईप र पोलिथिन ट्याङ्की खरिद | ५,००,००० | |
| | **जम्मा (अक्षरूपी पचास लाख)** | **५०,००,०००** | |
| | **वडा नं. ८ तर्फ** | | |
| १ | सत्यश्वर - भैसे - भ्कोर सडक स्तरोन्नति र सोलिङ | १५,००,००० | |
| २ | थालेडाँडा - चिलाउनेखर्क - खुत्रुके सडक (शैलुङ मेलुङ जोड्ने) | १०,००,००० | |
| ३ | भैसे - पैती - गोठपानी सडक स्तरोन्नति | ६,००,००० | |
| ४ | लाँकुरी - पैती - कात्तिके - सत्यश्वर सडक स्तरोन्नति (शैलुङ मेलुङ यातायात सञ्चालन भएको सडक) | ५,००,००० | |
| ५ | कृषि विकास तथा प्रवर्द्धन कार्यक्रम | २,००,००० | |
| ६ | शारदा मावि प्राविधिक शिक्षा सञ्चालन अनुदान | ७,००,००० | |
| ७ | शैलुङ आधरभूत विद्यालय मनगाउँ, महादेव प्रावि भ्कोर (पहिरो नियन्त्रण) र शैलुङ आधरभूत विद्यालय पाडेखानी गरी ३ वटा विद्यालयको शैक्षिक विकास कार्यक्रम | ५,००,००० | |
| | **जम्मा (अक्षरूपी पचास लाख)** | **५०,००,०००** | |

## आ.व. ०७६/०७७ मा कार्यालय प्रयोजन, कर्मचारी, चालु लगायतका अनुमानित खर्च विवरण

| सि.नं. | शिर्षक | संकेत नं. | जम्मा | कैफियत |
|---|---|---|---|---|
| १ | पारिश्रमिक कर्मचारी (स्थायी कर्मचारी) | २११११ | १,३०,००,००० | |
| २ | पोशाक कर्मचारी (स्थायी कर्मचारी) | २११२१ | ३,५०,००० | |
| ३ | कर्मचारी भत्ता (स्थायी कर्मचारी) | २११३० | ३,००,००० | |
| क) | स्थानीय भत्ता (स्थायी कर्मचारी) | २११३१ | ४,००,००० | |
| ख) | मंहगी भत्ता (स्थायी कर्मचारी) | २११३२ | ८,००,००० | |
| ग) | फिल्ड भत्ता (स्थायी कर्मचारी) | २११३३ | ३,००,००० | |
| घ) | कर्मचारीको बैठक भत्ता | २११३४ | ३,००,००० | |
| ङ) | कर्मचारीको प्रोत्साहन तथा पुरस्कार | २११३५ | ५,००,००० | |
| च | विभिन्न समितिहरूको बैठक भत्ता | २११३९ | ५,००,००० | |
| ४ | जनप्रतिनिधि भत्ता तथा अन्य सुविधा | २११४० | | |
| क) | जनप्रतिनिधिहरूको तलब,भत्ता | २११४१ | ५५,००,००० | |
| ख) | जनप्रतिनिधिहरूको अन्य सुविधा (सञ्चार) | २११४२ | २,००,००० | |
| ५ | कर्मचारीको सामाजिक सुरक्षा खर्च | २१२०० | | |
| क) | कर्मचारी कल्याण कोष | २१२१४ | २,००,००० | |
| ६ | माल तथा सेवाको उपयोग | २२००० | | |
| क) | पानी तथा बिजुली | २२१११ | ७,००,००० | |
| ख) | सञ्चार महसुल (इन्टरनेट समेत) | २२११२ | १२,००,००० | |
| ७ | इन्धन कार्यालय प्रयोजन | २२२१२ | १५,००,००० | |
| ८ | सवारी साधन मर्मत खर्च (वडा सहित) | २२२१३ | २०,००,००० | |
| ९ | सवारी साधन बीमा तथा नविकरण खर्च | २२२१४ | ५,००,००० | |
| १० | मेशिनरी औजार मर्मत सम्भार तथा औजार सञ्चालन खर्च | २२२२१ | ३,००,००० | |
| ११ | अन्य सम्पत्तीको सञ्चालन तथा सम्भार खर्च | २२२९० | ३,००,००० | |
| १२ | कार्यालय सामान तथा सेवाहरू | २२३११ | १५,००,००० | |
| क) | मशलन्द /टोनर, रिफिल/पेनड्राइभ एक्ट्रनल हार्डड्रइभ | २२३११ | ५,००,००० | |
| १३ | पत्रपत्रिका,छपाई तथा सूचना प्रकाशन तथा सम्पूर्ण छपाई | २२३१५ | | |
| क) | पत्रपत्रिका /पुस्तक तथा हुलाक डाक सेवा | | २,००,००० | |
| ख) | सूचना प्रकाशन खर्च | | १०,००,००० | |

| | | | | |
|---|---|---|---|---|
| ग) | कार्यलयको लागि छपाई कार्य | | ५,००,००० | |
| घ) | क्यालेन्डर छपाई | | २,००,००० | |
| ङ) | गाउँ विकास योजना तथा प्रगति पुस्तिका छपाई | | २,००,००० | |
| च) | घरको नक्शा पास सम्बन्धि छपाई खर्च | | ५,००,००० | |
| छ) | गाउँपालिकाद्वारा पारित कानून प्रकाशन खर्च संग्रह सहित | | ५,००,००० | |
| १४ | अन्य कार्यालय सञ्चालन खर्च (जग,वल्ब, मल्टीप्लग/अन्य) | २२३१९ | २,००,००० | |
| क) | सेवा र परामर्श खर्च डि.पि.आर. समेत | २२४११ | २५,००,००० | |
| १५ | कार्यक्रम सम्बन्धि खर्च | २२५०० | | |
| क) | जनप्रतिनिधि, कर्मचारी , सीप, क्षमता विकास तथा जनचेतना गोष्ठी सम्बन्धी खर्च | २२५११ | ५,००,००० | |
| १ | चाड पर्व, दिवस, गोष्ठी तथा महोत्सव खर्च | | १०,००,००० | |
| २ | विज्ञ, विभिन्न बैठक, भेटघाट तथा अन्य खर्च | | ५,००,००० | |

| | | | | |
|---|---|---|---|---|
| ३ | विभिन्न पुरस्कार, सम्मान तथा प्रोत्साहन खर्च | | ५,००,००० | |
| ग) | कार्यक्रम खर्च | २२५२२ | | |
| १ | परीक्षा सञ्चालन | | ५,००,००० | |
| १६ | अनुगमन मूल्याङ्कन र भ्रमण खर्च समेत | २२६०० | | |
| क) | अनुगमन मूल्याङ्कन, भ्रमण खर्च ( जनप्रतिनिधि) | २२६११ | ६,००,००० | |
| ख) | भ्रमण खर्च (कर्मचारी) | २२६११ | ३,००,००० | |
| ग) | अनुगमन,मूल्याङ्कन (दैनिक भ्रमण भत्ता) वडा समेत | २२६१२ | २०,००,००० | |
| १७ | विविध खर्च (खाजा) | २२७११ | २०,००,००० | |
| १८ | गाउँ सभा सञ्चालन खर्च | २२७२१ | ३,००,००० | |
| १९ | घरभाडा खर्च | २८१४२ | ७,००,००० | |
| २० | अन्य भाडा | २८१४९ | ७,००,००० | |
| २१ | सडक हेरालु पारिश्रमिक | | ७,००,००० | |
| २२ | स्वास्थ्य संस्था अनुदान (घरमा प्रसुती जाँच) | | २,००,००० | |
| २३ | भैपारी आउने खर्च | | ५,००,००० | |
| २४ | फर्निचर फिक्सर गा.पा र वडा समेत | | ३०,००,००० | |
| २५ | मेशिनरी औजार, कम्प्युटर समेत | | २५,००,००० | |
| २६ | सवारी साधन (मोटर साइकल स्कुटर) | | ५,००,००० | |
| **जम्मा रकम (पाँच करोड अठाइस लाख पचास हजार)** | | | **५,२८,५०,०००** | |

अव म, मााथिको गाउँपालिकाको सोंच, लक्ष्य, उद्देश्य, अपेक्षित उपलब्धी, क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वनका लागि बजेट विनियोजन र श्रोतको ब्यवस्थाको योजना प्रस्तुत गर्दछु ।

**आर्थिक वर्ष ०७६/०७७ को अनुमानित आय-व्ययको विवरण**

| क्र.सं. | आय तर्फ | रकम रू.हजारमा | क्र.सं. | व्यय तर्फ | रकम रू.हजारमा | कैफियत |
|---|---|---|---|---|---|---|
| १) | नेपाल सरकार वित्तिय समनीकरण | ११,५४,००।- | १) | पूँजीगत | १६,५९,५० ।- | शसर्त समावेश नभएको |
| २) | नेपाल सरकार राजस्व बाँडफाँड | ६,८१,००।- | २) | चालुगत | ७,८१,००।- | |
| ३) | गत वर्षको बैक मौज्दात | १,००,०० ।- | | | | |
| ४) | प्रदेश वित्तिय समानी करण | ९९,३५।- | | | | |
| ५) | आन्तरिक आय | ६०,००।- | | | | |
| ६) | अन्य संघ-संस्था, सहकारी, प्रदेश (सवारी साधन) कर बाँडफाड लगायत (१,५,९,६,९) | ३,४१,१५।- | | | | |
| ७) | नेपाल सरकार सशर्त | १३,९५०० ।- | ३ | सशर्तको चालु र पुँजी तोकिए अनुसार हुने | १४,२३,९४।- | |
| ८) | प्रदेश सरकार सशर्त | २८,९४।- | | | | |
| | **कूल आय तर्फ** | **३८,६४,४४।-** | | **कूल व्याय तर्फ** | **३८,६४,४४।-** | |

**नोट :** आयोजना खर्चको एकमुष्ट रकमबाट सम्भावित शीर्षकबाट कट्टी हुने कन्टीजेन्सी ४% **(चार प्रतिशत)** बाट प्राविधिकहरूको तलब, सुविधा तथा आयोजना संग सम्बन्धित अन्य खर्च गरिनेछ ।

**विषयगत रूपमा आ.व. ०७६/०७७ को बजेट निम्न लिखित रूपमा विनियोजित गरेको छु ।**

१) **आर्थिक विकास :** (आपुर्ति, उद्योग, कृषि, जलस्रोत तथा सिंचाई पर्यटन पशुपंक्षी, भूमी, वाणिज्य, वित्तिय क्षेत्र, सहकारी, साझेदारी आदि) **तर्फ ३,०१,००,०००।- (तीन करोड एक लाख)**

२) **पूर्वाधार विकास शाखा :**(उर्जा, पुर्ननिर्माण, विज्ञान तथा प्रविधि, भवन आवास तथा शहरी विकास ,यातायात पूर्वाधार, सञ्चार तथा सूचना प्रविधि) तर्फ **रू.१०, ४०,००,०००।-(दश करोड चालीस लाख)**

३) **सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रः** (अनुगमन तथा मूल्याङन, कानून तथा न्याय, गरिबी निवारण तथ्याङ्क प्रणाली, प्रशासकीय सुशासन, मानव संस्था संसधान विकास, योजना तर्जुमा र कार्यान्वयन, गरिबी निवारण , वातावरण जलवायु, वित्तिय सुशासन विपद व्यवस्थापन, श्रम तथा रोजगारी शान्ति तथा सुव्यवस्था, शासन प्रणाली) तर्फ **रू.१,०७,००,०००।- (एक करोड सात लाख ) ।**

**४) सामाजिक विकास अन्तर्गत** : (खानेपानी तथा सरसफाई, जनसंख्या तथा बसाई सराँई, भाषा तथा सस्कृति, युवा तथा खेलकुद, लैगिक समनता तथा सामाजिक समवेशीकरण, शिक्षा, स्वास्थ्य, समाजिक सुरक्षा तथा संरक्षण) तर्फ **रू. ३,११,००,०००।-** (तीन करोड एघार लाख )

**५. कार्यालय सञ्चाल तथा प्रशासनिक** *:* (पदाधिकारी तलब भत्ता, कर्मचारी तलब भत्ता, परामर्श चालु प्रकृतिका प्रशासनिक खर्च) **तर्फ रू.६,७८,५०,०००।- (छ करोड अठत्तर लाख पचास हजार )**

**६) शसर्त तर्फको नेपाल सरकार र प्रदेशको :** कूल बजेट **रू १४,२३,९४,०००।- (अक्षरूपी चौध करोड तेइस लाख चौरानब्बे हजार मात्र** ) शसर्तको शीर्षक बमोजिम खर्च गरिने हुँदा विषयगत रूपमा नछुट्याई एकमुष्ट रूपमा राखिएको छ ।

**नोटः** समष्टिगत रूपमा माथि उल्लेखित गाउँपालिका एवं वडा स्तरीय बजेट शसर्त समेत गरी जम्मा **रू. ३८,६४,४४,०००।- (अक्षरूपी रू. अरतीस करोड चौसठी लाख चौवालीस हजार मात्र ) ।**

**अन्त्यमा ,**

यो नीति, बजेट तथा कार्यक्रमको तर्जुमा गर्दा मार्ग निर्देशन गर्नुहुने गाउँपालिकाको अध्यक्षज्यू, सम्पूर्ण वडा अध्यक्षज्यूहरू गाउँ कार्यपालिकाका सदस्यज्यूहरू, गाउँसभाका सदस्यज्यूहरू र गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरू प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै सफल कार्यान्वयनमा सबैको पूर्ण सहयोग पाउने विश्वास गर्दछु । धन्यवाद !

**लालमाया योञ्जन घिसिङ**
**उपाध्यक्ष**
**तथा**
**संयोजक, एकिकृत बजेट तथा कार्यक्रम तर्जुमा समति**
शैलुङ गाउँपालिका
काटाकुटी, दोलखा
३ नं.प्रदेश, नेपाल